आज मिति २०८१।१०।१४ गते सोमवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्याः ४४ समय : विहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुंवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहंरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारीः

१. श्री कृष्ण वहादुर खत्री

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री [illegible]

सहयोगी कर्मचारीः

१. श्री अमिता लामा

Scanned with CamScanner

भुम्लु गाउँ कार्यपालिका बैठक आ.व: २०८१।८२ बैठक सङ्ख्या:४४ मिति २०८१ माघ १४

## प्रस्तावहरु:

१. ४३औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. नापी टोली प्रमुखको भत्ता यकिन गर्ने सम्बन्धमा।
४. कानूनी सहजकर्तालाई अख्तियारी दिने सम्बन्धमा।
५. ३ वटा गोल्ड मेडल प्राप्त विद्यार्थीहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा।
६. लक्षित समूहको बजेट कार्यान्वयन सम्बन्धमा।
७. करार म्याद थप सम्बन्धमा।
८. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
९. अपाङ्गताको लागि कलर प्रिन्टर खरिद सम्बन्धमा।
१०. शिक्षक विस्थापन/पदस्थापन सम्बन्धमा।
११. जग्गा हस्तान्तरण गर्ने सम्बन्धमा।
१२. विविध।

## निर्णयहरु:

१. गत ४३औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।

३. भुम्लु गाउँपालिका वडा नं.७ र ८ अन्तर्गत जग्गाको प्रमाणपूर्जा वितरण प्रयोजनका लागि खटिई आएका नापी टोली प्रमुखलाई कार्य प्रगतिको आधारमा निजको तलबस्केलको ५० देखि १०० प्रतिशत सम्म प्रोत्साहन पारिश्रमिक दिने निर्णय गरियो।

४. भुम्लु गा.पा. वडा नं.५ घर भै हाल धुलिखेल न.पा. वडा नं.१ देविटार बस्ने वर्ष ३४ की शुसिला वि.क.ले यस गाउँपालिका समेतलाई विपक्षि बनाई उच्च अदालत पाटनमा दायर भएको उत्प्रेषण समेतको रिट (०८१-WO-११६८) लिखित जवाफ, प्रमाण पेश, बहस पैरवी लगायतको अन्य कानूनी प्रक्रियाका लागि यस गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ता श्री राजु लामालाई अख्तियारी दिने निर्णय गरियो।

५. भुम्लु गाउँपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा द्वारा आयोजित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ३ वटा गोल्ड मेडल प्राप्त विद्यार्थीहरुलाई १/१ थान ल्यापटप दिई पुरस्कृत गर्ने निर्णय गरियो।

६. लक्षित समूहको बजेट कार्यान्वयन देहाय बमोजिम गर्ने निर्णय गरियो।
- जेष्ठ नागरिक – इलेक्ट्रिक जग
- पहरी, जनजाति, भुजेल, माझी, दलित लक्षित समुहलाई वडास्तरीय भेला गरी समिति गठन गर्ने।

७. भुम्लु गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा आन्तरिक श्रोतमा कार्यरत शिक्षक र कर्मचारीहरुको आ.व.२०८१/०८२ को २०८१ माघ १ गते देखि २०८२ असार मसान्तसम्मका लागि कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार सम्झौता म्याद थप गर्ने निर्णय गरियो।

८. भुम्लु गाउँपालिका अन्तर्गत कार्यरत नियमानुसार जिम्मेवारी पुरा नगर्ने सम्पूर्ण कर्मचारी र शिक्षकहरुलाई आवश्यक कारवाही प्रक्रिया आगाडी बढाउन सम्बन्धित शाखालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

९. अपाङ्गताको लागि कलर प्रिन्टर खरिद गरी सम्बन्धित शाखामा पठाउने निर्णय गरियो।

१०. भुम्लु गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत तपसिल बमोजिमका करार शिक्षकहरु विस्थापन तथा शिक्षक सेवा आयोगबाट सिफारिस भई आउनु भएका स्थायी शिक्षकहरुको पदस्थापन गर्न दिने निर्णय गरियो।

Scanned with CamScanner

तपसिल:

| क्र.सं. | विद्यालयको नाम | विषय | पदस्थापन गरिएको शिक्षक | विस्थापित शिक्षक |
|---|---|---|---|---|
| १ | श्री सेतीदेवी मावि भुम्लु-४, याक्पा | गणित | उपेन्द्र पुडासैनी | |
| २ | श्री सेतीदेवी मावि भुम्लु-४, काभ्रे | गणित | रमेश दत्त भट्ट | समिर नेपाली |
| ३ | श्री सेतीदेवी मावि भुम्लु-४, काभ्रे | नेपाली | पुष्कर विक्रम कार्की | अनिता महत |
| ४ | श्री जनता मावि भुम्लु-६, कोलाँती | विज्ञान | रजनी श्रेष्ठ | भोजराज थिङ |
| ५ | श्री शारदा मावि, भुम्लु-७, फलाँटे | गणित | जयराम कार्की | |
| ६ | श्री शारदा मावि, भुम्लु-७, फलाँटे | अंग्रेजी | उर्मिला मोक्तान | |

११. यस गाउँपालिकाको प्रशासकीय भवन बनाउन यस गाउँपालिकाले मिति २०८१/०६/०२ गतेको सूचना अनुसार यसै गाउँपालिका वडा नं.५ निवासी श्रीमति धनलक्ष्मी खड्काले आफ्नो नाममा रहेको सल्ले गा.वि.स. वडा नं.९ को कित्ता नं.१२२३ को ६-०-०-१ जग्गा यस गाउँपालिकालाई दान स्वरुप प्राप्त हुन आएकोले सो जग्गा वन तथा भु-संरक्षण विभागको नाममा रजिष्ट्रेशन पास गरी सट्टा भर्ना दिनका लागि नेपाल सरकार मन्त्रिपरिषद्लाई स्वीकृतका लागि सिफारिस गर्ने निर्णय गरियो।

१२. विविधः

क. खुला प्रतिस्पर्धा द्वारा प्रधानाध्यापक छनौट र पदस्थापन कार्यका लागि प्रधानाध्यापकहरुलाई प्रोत्साहित गर्न आधारभूत तह र मा.वि. तहलाई मासिक क्रमशः रु.३०००/- र रु.५०००/- आगामी आर्थिक वर्ष २०८२/०८३ बाट उपलब्ध गराउने गरी विज्ञापन प्रकाशन गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने।

ख. सोनाम ल्होछारको उपलक्ष्यमा मिति २०८१/१०/१६ देखि १८ गतेसम्म ३(तीन) दिन गाउँपालिका तथा मातहतका वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थामा (अत्यावश्यक सेवा बाहेक) विदा दिने साथै माघ महिना भित्र पालिकास्तरीय सोनाम ल्होछार कार्यक्रम भव्यताका साथ सञ्चालन गर्ने निर्णय गरियो।

ग. भुम्लु गाउँपालिका अन्तर्गत सेतीदेवी मावि काभ्रेमा कार्यरत संघीय अनुदान मावि गणित विषय शिक्षक श्री सेब नारायण मण्डललाई मिति २०८१/१०/१३ गते बसेको शिक्षा समितिको बैठकले निजलाई जनता माविमा पदस्थापना गर्ने निर्णय भएकोमा हाल उक्त निर्णयलाई संशोधन गरी निजलाई अर्को व्यवस्था नभए सम्मको लागि श्री वन देवी मावि बेखसिम्लेमा कामकाजमा खटाउने निर्णय गरियो।

घ. भुम्लु गाउँपालिका वडा नं.२, सिम्थली स्थित श्री अरुणोदय माविको अधुरो भवन निर्माणमा बजेट अभाव भएकोले बजेट मागका लागि जिल्ला समन्वय समिति काभ्रेमा पत्राचार गर्ने निर्णय गरियो।

ङ. शुभलक्ष्मी ड्रागन निर्माण सेवा प्रा.लि.ले मिति २०८१/०२/१६ गते दिएको निवेदन अनुसार यस भुम्लु गाउँपालिका वडा नं.७ को वडा कार्यालय भवन निर्माण सम्पन्न गर्न २०८१ माघ मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

च. भुम्लु गाउँपालिका वडा नं. ९, ज्याम्दी स्थायी ठेगाना भएका कृष्ण बहादुर थापाले मिति २०८१/१०/०८ गतेको निवेदन पत्रानुसार निजको होलिस्टन क्रस गाई बिमा लेख नं.po||१००३९|CT|२३|२४०१९७५ र बिमा संकेत नं.A३३४९B बनाई बिमा गरेको गाई उच्च ज्वरोका कारण मिति २०८१/०५/२७ देखि विरामी भै उपचारको क्रममा मिति २०८१/०५/३० गते मृत्यु भएको र उक्त गाईको बिमा ट्याग हराएकोमा बिमा रकम भुक्तानीका लागि सम्बन्धित बिमा कम्पनीलाई सहजीकरण गर्न सिफारिस गर्ने निर्णय गरियो।

छ. भुम्लु गाउपालिका वडा नं.१ सापिङ बस्ने निर्मला खातीलाई लामो समय देखि मानसिक स्वास्थ्य समस्या भएको र उपचार गराउन आर्थिक अवस्था कम्जोर भएकोले निजलाई उपचार गराउन रु.१०,०००/- (दश हजार) आर्थिक सहयोग दिने निर्णय गरियो।

ज. भुम्लु गाउँपालिका अन्तर्गत वन तथा वातावरण शाखाले पेश गरेको वन डढेलो नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो।

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner